ༀ། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གྲོང་ཁྱེར་ཁག

# खुम्बु पासाङल्हामु गाउँपालिका

**Khumbu Pasanglhamu Rural Municipality**

## गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

## कृषि विकास शाखा

**Agriculture Development Section**

चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

(सूचना नं. ०६-२०८१/८२)

## मागमा आधारित कृषि कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना।।

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०४/२४ गते)

खुम्बु पासाङल्हामु गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारको कार्यक्रमहरुमा सहभागी हुन ईच्छुक आवेदकहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन (मिति २०८१।०५।०७ गते कार्यालय समय) भित्र यस गाउँपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा देहाय बमोजिमका कागजात सहित निवेदन पेस गर्नुहुन सबै (कृषक/कृषक समूह/कृषक उद्यमी/कृषि फार्म/कृषि कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेस गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा अर्को दिन मध्यान्ह १२:०० बजे सम्म मान्य हुनेछ। साथै रित नपुगेका वा म्याद नागी प्राप्त हुन आएका निवेदनहरु उपर कुनै कारबाही नगरिने बेहोरा जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | बजेट | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| १. | मागमा आधारित कृषि कार्यक्रम | च्याउ, मसला बाली, तरकारी, फलफूल, टनेल निर्माण, उत्पादन प्रवर्द्धन हुने अन्य कार्यहरु | - "मागमा आधारित कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" अनुसार तरकारी तथा मसलाबालीको हकमा कम्तिमा १ रोपनी क्षेत्रफल र फलफूलको हकमा ३ रोपनी क्षेत्रफलमा व्यावसायिक खेती गरेको हुनु पर्ने।<br>- मौरीपालनको हकमा कम्तिमा ५ घार मौरी पालक कृषक।<br>- च्याउको हकमा कम्तिमा १५ गोला च्याउ खेती गर्ने कृषक। सिताके च्याउको हकमा कम्तिमा ५० वटा मुडामा (काठको मुडाको सरदर गोलाई कम्तिमा ४ ईन्च तथा लम्बाई ३ फुट) हुनुपर्ने। | १० लाख | कूल लागतको ५० प्रतिशत वा अधिकत्तम रु १ लाख नबढ्ने गरी |

प्रस्तावका साथ पेस गर्नु पर्ने कागजातहरु

१. कार्यक्रमको लागि अनुसूची-३ बमोजिम तोकिएको ढाँचामा प्रस्तावको निवेदन।
२. फार्म तथा समूहको हकमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
३. अनुसूची-४ बमोजिमको व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव।
४. नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपि।
५. समूह र सहकारीको हकमा अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी।
६. जग्गाको जग्गा धनी पूर्जा वा जग्गा भाडामा लिई खेती गर्नेको हकमा सो सम्बन्धित करार/संम्झौता पत्रको प्रतिलिपी।

थप जानकारीको लागिः यस कार्यालयको कृषि विकास शाखा वा ९८४००१४८०७ मा सम्पर्क गर्न सकिनेछ। साथै प्रस्ताव सहितको निवेदन तथा व्यावसायिक कार्ययोजनाको नमुना फाराम यस कार्यालयको वेबसाइट https://khumbupasanglhamumun.gov.np, यस कार्यालय वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

(अमृत अर्याल)
बाली संरक्षण अधिकृत
अधिकृतस्तर सातौं

बोधार्थ

१. श्री सूचना प्रविधि शाखा, वेबसाईट तथा फेसबुक पेजमा अपलोड गरिदिनु हुन।
२. श्री वडा कार्यालय (सबै), सूचना प्रेषित तथा वडा कार्यालयमा आएका निवेदन संकलन गरिदिनु हुन।